नेपाल सरकार
# राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति

फोन नं.:- ५५३१३११
५५२६७७७

२०८०/८१
प. सं.:-

२०८१/०१/१२

## विषयः आवेदन सम्वन्धी सूचना प्रकाशन गरिएको

उपरोक्त विषयमा "राष्ट्रपति चुरे-तराइ मधेश संरक्षण विकास समितिको उच्चशिक्षा अध्ययन शुल्क उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७९" मा भएको व्यवस्था अनुरुप यो सूचना प्रकाशन भएको मितिले १५ (पन्द्र) दिन भित्रमा यस समितिमा आईपुग्ने गरी नियमानुसारको निवेदन दिनुहुन सरोकारवालाहरुका लागि यो सूचना प्रकाशन गरिएको छ।

आवेदन गर्दा निम्न बमोजिमको योग्यता र प्रकृया पुगेको हुनु पर्नेछः-

(क) यस समिति र अन्तर्गतका निकायहरुमा कार्यरत कर्मचारीले मात्र निवेदन दिन सक्नेछन् ।

(ख) निजामती सेवाको स्थायी पदमा कम्तिमा ३ वर्ष अटुट सेवा गरेको र समिति वा राष्ट्रपति चुरे संरक्षण कार्यक्रमसंग सम्वन्धित कार्यक्रममा कम्तिमा १ (एक) वर्ष सेवा गरि सकेको हुनु पर्नेछ ।

(ग) कार्यालय समय बाहेकको अवधि (बिहान/बेलुका) अध्ययन गर्ने वा अध्ययन विदा स्वीकृत गराई अध्ययन गर्ने कर्मचारीहरुले मात्र आवेदन दिन सक्नेछन् ।

(घ) कर्मचारी मनोनयन हुन निजामती सेवा ऐन, २०४९ को दफा २२ बमोजिम निलम्बन, बढुवा रोक्का र ग्रेड रोक्का भएको हुनु हुदैन । सो व्यहोराको विवरण पदाधिकार रहेको मन्त्रालय वा निकायबाट समितिमा अनिवार्य पेश गर्नु पर्नेछ ।

(ङ) स्नातक र स्नातकोत्तर तहमा अध्ययनरत समिति र अन्तर्गतका निकायमा कार्यरत कर्मचारीहरू मात्र योग्य हुनेछन् ।

(च) निवेदनको साथमा उपल्लो शैक्षिक प्रमाण-पत्रहरु एवं लब्धाङ्क-पत्रहरु, नेपाली नागरिकताको प्रमाण-पत्र, निजामती सेवाको नियुक्ति-पत्रको प्रमाणित प्रतिलिपिहरुका साथै हाल पदाधिकार रहेको कार्यालयवाट निजामती सेवाको पदमा बहाल रहेको तथा सेवा अवधि तथा असाधारण वा अन्य विदा लिएको भए सो को अवधि समेत प्रमाणित हुने कागजात पेश गर्नु पर्नेछ ।

(छ) उच्चशिक्षा अध्ययनरत कर्मचारी कार्यरत कार्यालयमा उपस्थिति-हाजिरी भईरहेको हुनु पर्नेछ । तर अध्ययन विदा स्वीकृत भएकाको हकमा नियमित हाजिर भएको सरह हुनेछ ।

(ज) स्वीकृत बजेटको परिधिमा रही तोकेको विषयमा अध्ययन सुविधा उपलब्ध गराउन सक्ने सिट संख्या निर्धारण गरिनेछ। कूल सिट संख्याको आधारमा आवेदन परेका समितिका कर्मचारीलाई समितिको निर्णय अनुसार अध्ययन सुविधा उपलब्ध गराइनेछ।

(झ) आवेदन दिने कर्मचारीले आवेदन साथ छुट्टै कागजमा २०० शब्दमा नबढ्ने गरी देहाय बमोजिमको व्यहोरा उल्लेख गरी निवेदन पेश गर्नु पर्नेछ ।

१. निजामती सेवामा पुर्‍याएको उल्लेखनीय योगदान,
२. यस कोर्षमा अध्ययन गर्न खोजेको कारण,
३. यस कोर्षको अध्ययनले निजको पेशागत दक्षतामा पुर्‍याउने सहयोग,
४. यस कोर्षको अध्ययनले चुरे क्षेत्रमा पर्ने सकारात्मक प्रभाव,
५. अध्ययन शुल्क प्राप्त गरिसकेपछि कम्तिमा १ (एक) वर्ष यस समिति र अन्तर्गतका निकायमा कार्य गर्नु पर्ने ।

(ञ) समितिका कर्मचारीको हकमा, गत विगत वर्ष भर्ना भई हालसम्म अविच्छिन्न रुपमा अध्ययनरत कर्मचारीहरुले समेत आवेदन दिन सक्नेछन् ।

(ट) यस समितिबाट अध्ययन शुल्क उपलब्ध गराइएका कर्मचारीहरुलाई उच्च शिक्षा अध्ययनको लागि अध्ययन विदा स्वीकृत गर्न समिति बाध्य हुने छैन।

(ठ) कार्यविधिको अनुसूची ३ बमोजिमको आवेदन फारम यसै साथ संलग्नछ ।

(ड) आवेदनको साथमा सम्बन्धित कोर्षको लागि लाग्ने सम्बन्धित कलेजले तोकेको शुल्क, स्टेशनरी र पाठ्यपुस्तक र शोधपत्र तयारी वापतको तोकिएको शुल्क समेतको विवरण र पुष्टयाईं हुने कागजात संलग्न गर्नु पर्नेछ ।

(ड) छनौट सम्बन्धी अन्तिम अधिकार यस समितिमा निहित रहनेछ ।

राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति
खुमलटार, ललितपुर
फोन न. ०१-५५३१३११ ०१-५५२६७७७

# अनुसूचि ३
# आवेदन फाराम

आवेदन गरेको शैक्षिक कार्यक्रम ......................

कर्मचारीको नामः (देवनागरिक लिपिमा)...................... कर्मचारीको संकेत नंः .....

कर्मचारीको नामः (अंग्रेजीमा) .......................................................

जन्म मितिः ............... निजामती सेवामा प्रवेश मितिः .................... रक्त समूहः .......

लिङ्ग पुरुष ☐ महिला ☐ विवाहित ☐ अविवाहित ☐

बाबुको नामः ....... .................... आमाको नामः .........................................

सम्पर्क टेलिफोन नं ................ मोबाइल नं ................ इमेलः ............

स्थायी ठेगानाः .......................................................................

कार्यरत कार्यालयको नाम, ठेगाना, सम्पर्क नंः .....................................

हाल कार्यरत पदः ............... श्रेणीः ............... सेवाः ........... समूहः ...............

शैक्षिक योग्यता -माथिल्लो शैक्षिक योग्यता पहिलो क्रममा लेख्ने)

| अध्ययनको तह | अध्ययन गरेको संस्था | उत्तीर्ण गरेको वर्ष | प्राप्तांक प्रतिशत | मूख्य बिषय |
|---|---|---|---|---|
| | | | | |

निजामती सेवामा अनुभवको विवरण

| सि.नं | कार्यालय | पद | बहाल रहेको मिति | | जिल्ला रहेको भौगोलिक वर्ग | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | देखि | सम्म | | |
| | | | | | | |

सिफारिस गर्नेकोः
दस्तखतः
नाम थरः
पदः
मितिः
कार्यालयको नामः

अध्ययन गर्ने कर्मचारीकोः
दस्तखतः
नाम थरः
पदः
मितिः
कार्यालयको नामः